# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ५८ | काठमाडौं | शनिबार, ६ असार २०८३ | Prabhab National Daily | Saturday, 20 June 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-





**शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड)ले शुक्रबार काठमाडौंको माइतीघर मण्डलमा आयोजना गरेको ¥यालीमा नारासहितको प्लेकार्ड प्रदर्शन गर्दै एक सहभागी । सञ्जालले लोकतन्त्र, विधिको शासन, नागरिक सर्वोच्चता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको संरक्षणका लागि ऐक्यबद्धता ¥याली आयोजना गरेको हो ।** *तस्बिर सौजन्य: नेपाल पत्रकार महासंघ*

# रसुवाबाट भित्रिएका गाडी जाँचपासमा भेटियो कैफियत

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** रसुवा भन्सारबाट भित्रिएका विद्युतीय सवारीसाधनको जाँचपास प्रक्रियामा कैफियत भेटिएको छ । भन्सार विभागले शुक्रबार जारी गरेको विज्ञप्तिमा सवारीसाधन भन्सारमा भौतिकरूपमा आइ नपुग्दै कागजातका आधारमा मात्र जाँचपास गरिएको कैफियत फेला पारेको जनाएको छ ।

जेठ १५ गते संसद्मा बजेट भाषण गर्नुअघि नै सूचना चुहाएर राज्यलाई अर्बौंको नोक्सानी पु¥याएको भन्दै अर्थमन्त्री स्वर्णिम वाग्ले विवादमा तानिएका थिए । बजेट भाषणअघि नै जाँचपास गरेर बजेटपछि गाडी ल्याइएको भन्दै रसुवा र मुस्ताङ भन्सारबाट भित्रिएका बिवाइडीका गाडीहरू नियन्त्रणमा लिएर अनुसन्धान गरिएको थियो ।

> सवारीसाधन भन्सारमा भौतिकरूपमा आइ नपुग्दै कागजातका आधारमा मात्र जाँचपास गरिएको फेला
>
> मुस्ताङबाट भित्रिएका विद्युतीय सवारीसाधन भने नियमसंगत भएको निष्कर्ष

सोही प्रकरणमा अनुसन्धान गर्न रसुवा र मुस्ताङ भन्सार कार्यालयमा अनुगमन टोली खटाइएको थियो । अनुगमन टोलीले प्रतिवेदन बुझाएपछि विभागले शुक्रबार विज्ञप्तिमार्फत यसबारे जानकारी दिएको हो ।

मुस्ताङबाट भित्रिएका विद्युतीय सवारीसाधन भने नियमसंगत भएको पाइएको विभागले जनाएको छ । विभागका अनुसार मुस्ताङ भन्सार कार्यालयमा खटिएको अनुगमन टोलीले ६४९ वटा विद्युतीय सवारीसाधन नियमसंगत भित्रिएको प्रतिवेदन दिएको जनाएको छ । ती सवारीसाधन गत जेठ १४ गते नेपाल प्रवेश गरेको थियो ।

अनुगमन टोलीले आधिकारिक अभिलेख तथा सिसिटिभी फुटेजको विस्तृत अध्ययन एवं विश्लेषण गर्दा ती सवारीसाधन जेठ १४ गतेभित्रै नेपाल प्रवेश गरिसकेको र सोही मितिसम्म भन्सार कार्यालयबाट नियमानुसार जाँचपास भइसकेको निष्कर्ष निकालेको विभागका सूचना अधिकारी किशोर बर्तौलाले जानकारी दिए ।

⏭ **क्रमशः पृष्ठ २ मा**

# पहिलो महाधिवेशनमा होमियो रास्वपा

## थप शक्तिशाली बन्दै रवि

- २०७९ असार ७ गते स्थापना भएको रास्वापा गत फागुन २१ गते भएको आमनिर्वाचनमार्फत १८२ सिट जित्दै शक्तिशाली बनेसँगै पहिलो महाधिवेशनमा होमिँदै
- रास्वपाको महाधिवेशन उद्घाटन आइतबार चितवनको भरतपुर महानगरपालिका-१० स्थित गेस्टहाउस चौरमा हुने
- यसअघि सभापतिले २२ जना केन्द्रीय समितिमा मनोनीत गर्ने प्रावधान रहेकोमा अब ५० जना मनोनीत गर्न पाउनेगरी विधान संशोधन
- महाधिवेशनबाट १९ पदाधिकारीसहित १५१ जनाको केन्द्रीय समिति बनाइने




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पहिलो महाधिवेशन भोलि (आइतबार) सुरु हुँदै छ । चितवनको भरतपुर महानगरपालिका-१० स्थित गेस्टहाउस चौरमा भोलि दिउँसो २ बजे महाधिवेशन उद्घाटन हुने कार्यतालिका रास्वपाले सार्वजनिक गरेको छ । उक्त समारोहलाई पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री वालेन्द्र शाहले विशेष सम्बोधन गर्ने जानकारी दिइएको छ ।

गेस्टहाउस चौरमा विशेष मञ्च तयार भइसकेको महामन्त्री भूपदेप शाहले जानकारी दिए । 'चितवनमा असार ७ गतेदेखि ९ गतेसम्म प्रथम महाधिवेशन हुँदै छ । यसको सम्पूर्ण तयारी अन्तिम चरणमा छ,' महामन्त्री शाहले भने ।

चार हजार प्रतिनिधि सहभागी हुने रास्वपाको महाधिवेशनको देशभरबाट ३० हजारभन्दा बढी नेता कार्यकर्ता उपस्थित हुने



> सबै एकै ठाउँमा आएरमात्रै दुईतिहाइ हासिल गर्न सम्भव भएको हो, सबै जना महाधिवेशनबाट पनि सम्मानितरूपमा आउने वातावरण बनाउन हामी अहोरात्र खटिरहेका छौं ।
>
> **भूपदेव शाह**
> **महामन्त्री, रास्वपा**

अनुमान गरिएको छ । उद्घाटन समारोहका लागि घामपानी छेक्ने छानोसहितको 'जर्मन हयांगर' तयार गरिएको र तीनवटा सेक्सनमा तयार गरिएको हयाङगरमा पाँच हजार वटासम्म कुर्सी राख्न मिल्ने आयोजक समितिले जनाएको छ । महाधिवेशनको बन्दसत्र भने चितवन उद्योग संघको औद्योगिक प्रदर्शनी केन्द्रमा हुने तय भएको छ ।

### सबै दललाई निम्तो, हर्क साम्पाङ नजाने

महाधिवेशनमा शुभकामना मन्तव्यव्यका लागि रास्वपाले मुख्य दलका नेताहरूलाई निमन्त्रणा दिएको छ । मुख्य दलका नेतृत्वमा रहेका व्यक्तिहरूलाई दिएको निमन्त्रणामा श्रम संस्कृति पार्टीका हर्क साम्पाङ उपस्थित नहुने घोषणा गरिसकेका छन् ।

यसैगरी एमाले अध्यक्ष केपी शर्मा ओली नजाने एमालेले जनाएको छ । यता नेपाली कांग्रेसका सभापति गगन थापा र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहालले पनि उपस्थितिबारे निश्चित गरिसकेका छैनन् । निमोनिया भएर आराम गरिरहेका नेकपाका अध्यक्ष दाहालले आफू स्वस्थ भए उपस्थित हुने बताएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन भने सम्बोधन गर्न पुग्ने तय भएको छ ।

### सभापतिमा लामिछाने, वरिष्ठ नेता शाह

रास्वपाको सभापतिमा लामिछाने नै सर्वसम्मत दोहोरिने महामन्त्री शाहले बताए । त्यसैगरी वरिष्ठ नेतामा प्रधानमन्त्री शाह रहने छन् । महामन्त्री शाहले सबै एकै ठाउँमा उभिएका कारण दुईतिहाइ हासिल गर्न सकिएको भन्दै महाधिवेशनमा पनि सबै एक ठाउँमा हुने बताए ।

'सबै एकै ठाउँमा आएरमात्रै दुईतिहाइ हासिल गर्न सम्भव भएको हो, सबै जना महाधिवेशनबाट पनि सम्मानितरूपमा आउने वातावरण बनाउन हामी अहोरात्र खटिरहेका छौं,' उनले भने ।

⏭ **क्रमशः पृष्ठ २ मा**

**सन्दर्भ: वैदेशिक रोजगार**

# रोजगारीका लागि ११ महिनामा सात लाखभन्दा बढीले छाडे मुलुक

## जेठमा श्रम स्वीकृति लिएर ६१ हजार ७२ जना विदेसिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षको ११ महिनामा सात लाखभन्दा बढी युवाले रोजगारीका लागि मुलुक छाडेका छन् । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत साउनदेखि जेठ मसान्तसम्मको अवधिमा सात लाख २२ हजार ८३३ जना श्रम स्वीकृति लिएर विभिन्न मुलुकमा रोजगारीका लागि गएका छन् ।

जेठ महिनामामात्र ६१ हजार ७२ जनाले श्रम स्वीकृति लिएका विभागले सार्वजनिक गरेको तथ्यांकमा देखिन्छ । जसमा ५३ हजार ६९८ जना पुरुष र सात हजार ७७४ जना महिला छन् ।




*प्रतीकात्मक तस्बिर*

उक्त एक महिनामा ३१ हजार ७०१ जना पहिलोपटक श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका हुन् ।

जेठमा १७ हजार १७७ पुरुष र दुई हजार २७८ जना महिला गरी कूल १९ हजार ४५५ जना युवा संस्थागत माध्यमबाट रोजगारीमा गएको तथ्यांक छ । व्यक्तिगत श्रम स्वीकृतिमा ११ हजार ५०३ जना जाँदा श्रम स्वीकृति नवीकरण गरेर २९ हजार ३७१ जना गएका छन् । त्यस्तै, जिटुजीमार्फत रोजगारीका लागि ५४० पुरुष ११२ महिला गरी कूल ६५२ जनाले मुलुक छाडेका छन् । जिटुजीमार्फत १४१ जना दक्षिण कोरिया र ५११ जना इजरायल गएका हुन् । विभागका अनुसार सो अवधिमा रोजगारीमा जाने दक्ष श्रमिकको संख्या ३७ हजार ३९१ जना रहेको छ ।

⏭ **क्रमशः पृष्ठ २ मा**

# इजरायल जान आवेदन दिएकाहरूको प्रहरी प्रतिवेदन बुझाउने म्याद थपियो

**काठमाडौं (प्रस)–** रोजगारीका लागि इजरायल जान आवेदन दिएका कामदारले प्रहरी प्रतिवेदन बुझाउनुपर्ने म्याद थप गरिएको छ । शुक्रबार सूचना जारी गर्दै आवेदन मितिभित्र प्रहरी प्रतिवेदन प्राप्त गर्ने सम्भावना नभएको भनी गुनासो आएकाले प्रहरी प्रतिवेदनको निस्सा समावेश गरी आवेदन दिने व्यवस्था मिलाइएको विभागले जनाएको छ ।

इजरालयको दीर्घकालीन स्याहार केन्द्रमा केयरगिभरका रूपमा जाने चाहने कामदारका लागि दरखास्त आह्वान गरिएको म्याद यही असार ७ गते सकिँदै छ । उक्त अवधिभित्र प्रहरी प्रतिवेदन प्राप्त गर्न सम्भव नभएको भन्ने गुनासो हेलो सरकारलगायत माध्यमबाट आएको विभागले जनाएको छ ।

हालका लागि प्रहरी प्रतिवेदनको निस्सा समावेश गरेर असार १४ गतेभित्र प्रहरी प्रतिवेदन बुझाउन विभागले भनेको छ । सो अवधिभित्र नबुझाएमा भने आवेदन रद्द हुने जनाइएको छ ।


**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं**

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल र मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# अभिनेता श्रेष्ठलाई 'राष्ट्रिय दीर्घसाधना सम्मान'

**काठमाडौं (प्रस)–** वरिष्ठ अभिनेता मदनकृष्ण श्रेष्ठलाई 'राष्ट्रिय दीर्घसाधना सम्मान २०८३' प्रदान गरिएको छ । शुक्रबार राष्ट्रपति कार्यालय शीतलनिवासमा 'राष्ट्रिय चलचित्र पुरस्कार तथा सम्मान' प्रदान गर्न आयोजित समरोहमा अभिनेता श्रेष्ठलाई राष्ट्रपति रामचन्द्र पौडेल, सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले संयुक्तरूपमा तीन लाख ७५ हजार रूपैयाँ र ताम्रपत्रसहित अभिनेता श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मान गरे ।

उक्त पुरस्कार समारोहमा गत वर्ष विसं २०८२ मा प्रदर्शन भएर राष्ट्रिय चलचित्र पुरस्कार समारोहमा सहभागी भएका चलचित्रमध्येबाट निर्णायक समितिद्वारा छनोट भएका चलचित्र र कलाकर्मीलाई पुरस्कृत गरिएको छ ।

उक्त समारोहमा सर्वोत्कृष्ट चलचित्र 'ऊनको स्वीटर', निर्देशक नवीन चौहान (ऊनको स्वीटर), अभिनेता नीर शाह (परान), अभिनेत्री मिरुना मगर (ऊनको स्वीटर), लेखन दीपकप्रसाद आचार्य र यम थापा (परान), छायांकन पदमबहादुर श्रेष्ठ (कोशेढुंगा), सम्पादन नकुल खड्का (कोशेढुंगा), आदिवासी जनजातितर्फको सर्वोत्कृष्ट चलचित्र 'इन्दिरा धिमे मैचा' विजेता घोषित भएका छन् । विजेताहरूलाई २५ हजार रूपैयाँसँगै प्रमाणपत्र प्रदान गरिएको थियो ।

यस्तै, चलचित्र 'नाकछोंग'लाई विशेष चलचित्र पुरस्कार प्रदान गरिएको थियो । यस्तै, निर्णायक समिति प्रोत्साहन पुरस्कारमार्फत अभिनेत्री आना शर्मा (रमिताको पिरती) र नवकलाकार विमोचन दवाडी (झरीपछिको इन्द्रेणी)लाई प्रदान गरिकेको थियो । विशेष चलचित्रलाई दुई लाख रूपैयाँ र प्रोत्साहन पुरस्कार प्राप्त गर्ने कलाकर्मीलाई जनही २५ हजार रूपैयाँ प्रदान गरिएको थियो ।

यस्तै, मरानोपरान्त चलचित्र पत्रकार संघका पूर्वअध्यक्ष दिनेश सिटौलालाई ५० हजार रूपैयाँसहित 'विशेष योगदान सम्मान २०८२' प्रदान गरिएको थियो । स्वर्गीय सिटौलाको सम्मान उनका पिता गोकर्ण सिटौलाले ग्रहण गरेका थिए ।

निर्माता विष्णुगोपाल श्रेष्ठ, अभिनेत्री मेनुका प्रधान, निर्माता डाक्टरसिंह गुरुङ, चलचित्र पत्रकार प्रकाश सुवेदी, अभिनेता रोहित रुम्बा, कलाकार अञ्जिला तुम्बापो सुब्बा, कलाकार लक्ष्मी बर्देवा, निर्माता विनोद शेरचन, निर्माण नियन्त्रक शंकर पाण्डेलाई समेत 'विशेष योगदान सम्मान २०८२' प्रदान गरिएको थियो ।

उनीहरूलाई प्रमाणपत्रसहित सम्मान गरिएको हो । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले चलचित्रकर्मीको कामलाई प्रोत्साहन गर्न बोर्डले बर्सेनि पुरस्कार प्रदान गर्ने गरेको बताए । उनले भने, 'हामीले अहिले बक्स अफिसमार्फत चलचित्रको व्यापार सार्वजनिक गरिरहेका छौं, मूल्यांकन गरिरहेका छौं । पछिल्लो दुई वर्षमा एक अर्ब बढीको व्यापार नेपाली चलचित्रले गरेको छ । यसले अब संस्कृतिकसँगै देशलाई आर्थिकरूपमा पनि योगदान दिइरहेको प्रस्टयाएको छ ।

# बर्डफ्लु संक्रमणपछि जावलाखेल चिडियाखाना बन्द

**काठमाडौं (प्रस)–** ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा रहेका केही पक्षीमा बर्डफ्लु संक्रमण पुष्टि भएपछि चिडियाखाना कम्तीमा दुई साताका लागि बन्द गरिएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोषले शुक्रबार सूचना जारी गर्दै सर्वसाधारणको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी शुक्रबारदेखि अर्को सूचना प्रकाशित नभएसम्मका लागि चिडियाखाना बन्द गरिएको जनाएको छ ।

कोषकी प्रवक्ता रचना शाहले चिडियाखानाभित्र काग र परेवा मरेको अवस्थामा फेला परेपछि गरिएको परीक्षणमा बर्डफ्लुको संक्रमण देखिएको बताइन् । 'चिडियाखानामा बर्डफ्लुका कारण काग र परेवा मरेको पाइयो । पशु चिकित्सक तथा सम्बन्धित विज्ञसँग परामर्श गरिरहेका छौं,' उनले भनिन्, 'अन्य वन्यजन्तुलाई कसरी सुरक्षित राख्ने भन्ने विषयमा आवश्यक उपाय अवलम्बन गरिएको छ ।'

प्रवक्ता शाहका अनुसार तत्कालका लागि चिडियाखाना आगन्तुकका लागि बन्द गरिएको छ । कम्तीमा दुई सातासम्म बन्द रहने र त्यसपछिको अवस्था विज्ञहरूको सुझाव तथा जोखिम मूल्यांकनका आधारमा तय गरिने उनले बताइन् ।

चिडियाखानाभित्र रहेका अन्य जीवजन्तुको स्वास्थ्य अवस्था निगरानी बढाइएको तथा सम्भावित संक्रमण नियन्त्रणका लागि आवश्यक सतर्कता अपनाइएको कोषले जनाएको छ ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८३।०३।०१ गते काठमाडौं जिल्ला, ता.म.न.पा.-०४, पुरानो गुह्यश्वरी स्थित पार्किङ गरी राखिएको अवस्थामा कालो रङ्को पल्सर २०० सि.सि. मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : पेमा लामा**
**बाइक नं.: बा.प्र.-०२-०२७ प ७६८३**
**च्यासिस नं.: MBLLDL 010 MGF 00123**
**इन्जिन नं. : ML20AEMGF00722**
**ठेगाना : काठमाडौं**
**सम्पर्क नं. ९८१३१८६४०३**

## माइग्रेसन हराएको सूचना

मिति २०८३/०२/२१ गते काठमाडौं जिल्ला, बनस्थलीदेखि सातदोबाटो जाने क्रममा मेरो निम्न व्यहोरा भएको त्रिभुवन विश्वविद्यालयबाट जारी भएको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : हरिन्द्र राज घिमिरे**
**रजिस्ट्रेसन.नं.: १४६४५-८८**
**सिम्बोल नं.: १७२५०**
**ठेगाना : काठमाडौं**
**सम्पर्क: : ९८५१०१२६४३**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७९।०८।२१ मा दर्ता भएको प्रा.लि.नं. ३०३३०० को **हेरिसो त्रिदेव कृषि फार्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **Saad Overseas Pvt. Ltd.** (ई.प.नं. १५८७/०७९/८०) मा रिशेप्सनिस्ट पदमा कार्यरत **चन्द्रकला शिवदर्जी** (ना.प्र.प्र.नं.०३-०१-७६-०३०३३) यहि मिति : ०४/०३/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. 1587/079/80
**SAAD OVERSEAS PVT.LTD.**
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal
Tel: 01-5905860, 5905859, Email:- saadoverseas25@gmail.com

## श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह त्रियुगा नगरपालिका-१६, उदयपुरको काठ लिलाम बिक्री सम्बन्धी प्रकाशित सूचना !

यस सामुदायिक वनबाट आर्थिक वर्ष २०८२/०८३ मा सङ्कलन गरी घाटगद्दि गरेका लट नम्बर १ को साल थान १८ को ९४.७ क्युफिट, लट नम्बर २ को साल थान १९ को १०६.६ क्युफिट, लट नम्बर ३ को साल थान ३१ को ३६४.८ क्युफिट, लट नम्बर ४ को साल थान २७ को ३४८.७ क्युफिट लट नम्बर ५ को साल थान २५ को २३८.१० क्युफिट लट नम्बर ६ को साल थान २५ को २१३.१२ क्युफिट लट नम्बर ७ को दाउरा १.५ चट्टा जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिला विक्री समूह बाहिर गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले मितिले २१ (एकाइस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

## ग्रिन ल्याण्ड कम्पनी प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६/०५/१२ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको ग्रिन ल्याण्ड कम्पनी प्रा.लि. (प्रा.लि.न. ६५५७१।०६६।०६७) लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३।०३।०३ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत नः १६५, मो.नं. ९८४१५२७४२२, ९८१३२४४६५५**

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

## सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०३/०६**

नेपाल सरकारबाट वैदेशिक रोजगार संचालन गर्न ईजाजत प्राप्त संस्था **Jupiter Overseas Concern Pvt. Ltd.** (ई.प.नं. 477/060/61) को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको यस विभागको मिति २०८३/०३/०५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविकका शेयरधनीहरूको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरूको नाम र शेयर संख्या |
|---|---|
| १. चैतन्य तुम्बाहाम्फे - ९८७५० कित्ता<br>२. हिक्मत बहादुर रावल - १२५० कित्ता | १. चैतन्य तुम्बाहाम्फे - १००००० कित्ता |

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/३/६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ५१ को ४९४.०४ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बैकुण्ठ सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ६, मकवानपुर**


## पृष्ठ १ बाट क्रमशः

### पहिलो महाधिवेशनमा...

२०७९ असार ७ गते स्थापना भएको रास्वापाको गत फागुन २१ गते भएको आमनिर्वाचनमार्फत १८२ सिट जित्दै शक्तिशाली बनेसँगै पहिलो महाधिवेशन गर्न लागेको हो ।

#### केन्द्रीय समितिको आकार बढाउँदै

१२१ सदस्य रहेको रास्वपाले यसपटक नेपाली कांग्रेसको पुरानो विधान पचछ्याउने भएको छ । वरिष्ठ नेतासहित पदाधिकारीसमेत सभापतिले मनोनीत गर्न पाउने व्यवस्था कांग्रेसले १३औं महाधिवेशनसम्म जारी राखेको थियो । १४औं महाधिवेशनमा कांग्रेसका पदाधिकारी सबै निर्वाचित गर्ने गरी संशोधन गरेको हो । रास्वपाले यो महाधिवेशनबाट १९ पदाधिकारीसहित १५१ जनाको केन्द्रीय समिति बनाउने तय गरिएको छ । सय जना प्रत्यक्ष निर्वाचनबाट चयन हुँदा ५१ जना भने मनोनीत हुने छन् । मतदान इलेक्ट्रिक भोटिङ मेसिनबाट हुने तय भइसकेको छ ।

चुनावअघि विभिन्न समूहबाट रास्वपामा समायोजन भएर आएका नेताहरूलाई समेट्नका लागि केन्द्रीय समितिको आकार र मनोनयन संख्या बढाइएको रास्वपाले जनायो । सहमहामन्त्री विपिन आचार्य नेतृत्वको विधान मस्यौदा समितिले १६ जना पदाधिकारी कायम गर्ने प्रस्ताव गरे पनि सचिवालय बैठकले पदाधिकारी संख्या १९ पुऱ्याउने निर्णय गरेको छ ।

सभापतिपछिको वरीयतामा रहनेगरी वरिष्ठ नेताको पद सिर्जना गरिएको छ । यस्तै, उपसभापति तीन जना, सहमहामन्त्री चारबाट पाँच पुऱ्याइने छ भने सहकोषाध्यक्ष दुई जना हुने छन् । यसैगरी सहप्रवक्ता तीन जना हुने छन् । उपसभापति, सहमहामन्त्री, सहप्रवक्ता र सहकोषाध्यक्ष पद प्रत्येकमा एक जना महिला अनिवार्य गरिएको छ ।

यसअघि प्रवक्ता, सहप्रवक्ता, कोषाध्यक्ष र सहकोषाध्यक्ष सभापतिले मनोनीत गर्ने व्यवस्था थियो । अब दुईजना सहमहामन्त्री पनि सभापतिबाट मनोनीत हुने भएका छन् । बाँकी तीन सहमहामन्त्रीका लागि चुनाव हुने छ । यसअघि २२ जना सभापतिले मनोनीत गर्ने प्रावधान रहेकोमा अब ५० जना मनोनीत गर्न पाउनेगरी विधान संशोधन गरिएको छ ।

#### महाधिवेशनका लागि १८ उपसमिति गठन

शुक्रबार बसेको सचिवालय बैठकले महाधिवेशन सम्पन्न गर्न विभिन्न १८ उपसमिति गठन गरेको छ । कार्यक्रम सञ्चालन एवं व्यवस्थापन उपसमितिको संयोजकमा महामन्त्री कविन्द्र बुर्लाकोटी तोकिएका छन् । यो उपसमितिको सदस्यहरूमा विपिनकुमार आचार्य, मनिष झा, खिमा वादी, समीक्षा बास्कोटा, रामकुमार ढुंगाना छन् ।

यसैगरी प्रतिवेदन समन्वय उपसमितिको संयोजकमा महामन्त्री भूपदेव शाह, सदस्यहरूमा सुशान्त वैदिक, रमेश प्रसाईं, डा. अरनिकोकुमार पाँडे, गणेश कार्की, निशा डाँगी, रामकुमार ढुंगाना, कमल सुवेदी रहेका छन् । यता गुनासो व्यवस्थापन उपसमितिको संयोजक सहमहामन्त्री विपिनकुमार आचार्य तोकिएका छन् । यो उपसमितिको सदस्यहरूमा विष्णुकुमार श्रेष्ठ, रामकृष्ण भट्टराई, मधुसुदन ढकाल, गोकुल सापकोटा, गणेश पौडेल रहेका छन् ।

आर्थिक व्यवस्थापन उपसमितिको संयोजकमा अभिषेक घिमिरे तोकिएका छन् । यो उपसमितिमा बसुमाया तामाङ, असीम शाह, अनिल केशरी शाह, गोमा क्षेत्री, भरत रिजाल, राजन गौतम चितवन, मोहनजंग थापा, पदमराज पन्थी, सुमन विक्रम पाण्डे सदस्य छन् ।

महाधिवेशन प्रतिनिधि व्यवस्थापन उपसमितिको संयोजकमा कोषाध्यक्ष लिमा अधिकारी तोकिएका छन् । यो उपसमितिको सदस्यहरूमा दीपकराज बोहरा, बोधनारायण श्रेष्ठ, सागर ढकाल, उपेन्द्र पाण्डे, विष्णुकुमार श्रेष्ठ, रामकृष्ण भट्टराई, पुकार बम, कामिनी चौधरी, प्रकाशचन्द्र परियार, शिवशंकर यादव, तपेश्वर यादव, डा. अच्यूतम लामिछाने, राजन गौतम, देवराज पाठक, मदन खड्का, प्रकाश विष्ट, गोमा तामाङ (सरिन), शंकर श्रेष्ठ छन् ।

कानुनी समन्वय उपसमितिको संयोजकमा सुलभ खरेल छन् । उपसमितिको सदस्यहरूमा केन्द्रीय कानुन विभागका सबै जना सदस्य रहने छन् । प्रचारप्रसार तथा सञ्चार समन्वय उपसमितिको संयोजकमा प्रवक्ता मनिष झा तोकिँदा खुश्बुसरकार श्रेष्ठ, डा. नन्दन यादव, रविकिरण अधिकारी सदस्य छन् ।

सुरक्षा तथा स्वयंसेवक परिचालन उपसमितिको संयोजकमा दीपकराज बोहोरा छन् । यो उपसमितिमा अशोक कुमार चौधरी, हरि ढकाल, आशिष थापा, आशुतोष प्रधान, केपी खनाल, जेम्स कार्की सदस्य छन् । कार्की गृहमन्त्री सुधन गुरुङको स्वकीय सचिवसमेत हुन् । सूचना प्रविधि उपसमितिको संयोजकमा सरिता ज्ञवाली तोकिँदा लक्ष्मी बर्देवा, प्रकाश विष्ट, अभिजित गुप्ता, लक्ष्मी तिवारी, डा. श्रीधर मरासिनी सदस्य छन् ।

आवास तथा भोजन व्यवस्थापन उपसमितिको संयोजक राजन गौतम (चितवन) तोकिएका छन् । यो उपसमितिमा कुसुम महर्जन, सबिना विक, अर्जुन अधिकारी र बागमती प्रदेश समिति र चितवन जिल्ला समितिले तोकेका सदस्यहरू सदस्य रहेका छन् । अतिथि सत्कार उपसमितिको संयोजकमा ध्रुव गिरी तोकिएका छन् । यो उपसमितिमा इश्रा मुल्ला मिया, प्रमिला कुलुजु, रविना घिमिरे, मेघबहादुर आले, सुरज प्रधान, ओजस्वी राज थापा रहेका छन् । यो उपसमितिमा बागमती प्रदेश समिति र चितवन जिल्ला समितिले तोकेका सदस्यहरूसमेत रहनेछन् ।

खुश्बुसरकार श्रेष्ठको संयोजकत्वमा खटिने हल तथा मञ्च व्यस्थापन उपसमितिको सदस्यहरूमा टीका संग्रौला (ज्वाला), धनेज थापा, बागमती प्रदेश समिति र चितवन जिल्ला समितिले तोकेका सदस्यहरू रहनेछन् ।

स्वास्थ्य सेवा उपसमितिको संयोजकमा डा. तोसिमा कार्की तोकिँदा डा. चन्दा कार्की भण्डारी, डा. प्रभात अधिकारी, डा. लेखजंग थापा, रन्जु दर्शना, डा. नमिता यादव सदस्य तोकिएका छन् । सांस्कृतिक कार्यक्रम उपसमितिको संयोजक मोहनबहादुर थापा तोकिएका छन् । यो उपसमितिको सदस्यमा हरि योञ्जन, रमेश पौडयाल, नवराज थापा रहेका छन् ।

यातायात व्यवस्थापन उपसमितिको संयोजकमा शिव नेपाली, सदस्यहरूमा एलिजा गुरुङ, बिन्दबासिनी कंसाकार, विजय जैरु रहेका छन् । स्थानीय समन्वय उपसमितिको संयोजकमा हरि ढकाल, सदस्यहरूमा इश्रामुल्ला मिया, सविना विक र प्रदीप पाण्डे रहेका छन् । अभिलेखीकरण तथा दस्तावेजीकरण उपसमितिको संयोजक गणेश पराजुली तोकिएका छन् । यो उपसमितिमा डा. प्रभात अधिकारी, क्रान्तिशिखा धिताल, सन्तोष गिरी, रोहन कार्की, प्रदीप ज्ञवाली, आदित्य आचार्य, डा सागर ढकाल, मिलन पाण्डे रहेका छन् ।

अनुशासन उपसमितिको संयोजक भने तोकिएको छैन । यसमा केन्द्रीय अनुशासन आयोगका सबै सदस्यहरू सदस्य रहनेछन् भने विनिता कठायत, लक्ष्मण थारु, खगेन्द्र सुनार, अनन्तराज घिमिरे, खेम राज साउद, रिमा विश्वकर्मा र श्रीराम न्यौपानेले पनि सदस्यको जिम्मेवारी पाएका छन् ।

■■■

### रसुवाबाट भित्रिएका...

यता रसुवा भन्सार कार्यालयबाट विद्युतीय सवारीसाधनको भन्सार जाँचपास गर्ने क्रममा कर्मचारीबाट पर्याप्त सावधानी तथा पदीय जिम्मेवारी पूरा गरेको नदेखिएको सो कार्यालयमा गएको अनुगमन टोलीले औंल्याएको छ । सो टोलीले प्रज्ञापनपत्र कार्यालयको अभिलेखलगायतका विषयमा स्थलगत अध्ययन गर्दा कतिपय सवारीसाधन भन्सारमा भौतिकरूपमा आइ नपुग्दै कागजातका आधारमामात्र जाँचपास गरिएको कैफियत फेला पारेको छ ।

अर्थ मन्त्रालय र भन्सार विभागले रसुवा भन्सार कार्यालयका कार्यमा संलग्न तत्कालीन कार्यालय प्रमुखसहित १३ जना कर्मचारीलाई तत्काल निलम्बन गरी विभागीय कारबाहीको प्रक्रिया अघि बढाइएको थियो । भन्सार विभागले लक्ष्मी इमोविलिटी प्रालि काठमाडौं, साइमेक्स इन्क लिमिटेड, काठमाडौं, सिजी मोटर्स प्रालि ललितपुर, पूजा इन्टरनेसनल प्रालि काठमाडौं र एजेन्ट नम्बर ८३३ र एजेन्ट नम्बर ४७८ लगायतका भन्सार जाँचपास प्रतिनिधिहरूलाई प्रचलित भन्सार कानुनबमोजिम कारबाहीका लागि रसुवा भन्सार कार्यालयमा लेखी पठाएको जानकारी दिएको छ ।

■■■

### रोजगारीका लागि...

सीपयुक्त भएर जानेहरूमा ३२ हजार ४४७ महिला र चार हजार ९४४ जना महिला छन् । रोजगारीका लागि १४ हजार ९९४ जना अदक्ष कामदार परदेसिएका छन् । जसमा १३ हजार २ ९६ जना पुरुष र एक हजार ६९८ जना महिला छन् । साथै, आठ हजार ३२८ जना अर्धदक्ष, ६३ जना उच्च दक्ष र २९६ जना व्यावसायिक कामदार रोजगारीमा गएका छन् ।

#### प्रमुख गन्तव्य मलेसिया

जेठमा युवाहरू रोजगारीको खोजी गर्दै १०० वटा मुलुकमा पुगेका छन् । जसमध्ये मलेसिया प्रमुख रोजगार गन्तव्य बनेको छ । उक्त महिनामा कूल १४ हजार १९२ जना मलेसिया गएका छन् । जसमा १३ हजार ६५४ जना पुरुष र ५३८ जना महिला रहेका छन् । मध्यपूर्वको युद्धले खाडी मुलुकको रोजगारी प्रभावित हुँदा मलेसिया प्रमुख गन्तव्य बन्दै आएको छ ।

मलेसियापछि संयुक्त अरब इमिरेट्स (युएई) मा १२ हजार ४५५ जना गएका छन् । त्यस्तै, कतारमा १० हजार २१०, साउदी अरबमा सात हजार ५१९ र रोमानियामा दुई हजार ५१५ जना गएका छन् । सोही अवधिमा म्यानपावर व्यवसायीले १५ वटा मुलुकमा श्रमिक पठाएका छन् । जसमा व्यक्तिगत श्रम स्वीकृतिमा ८३ वटा मुलुक गएको पाइएको छ । १६ वटा मुलुकमा एक जनामात्र कामदार गएका छन् । १० जनाभन्दा कम श्रमिक गएको मुलुकको संख्या ४३ वटा रहेको छ ।


## जापानमा रोजगार

**कम्पनी : cooperative MIRAI**

**पूर्व स्वीकृति मिति : २०८३/०२/०५** | **LT. No. 343639** | **चलानी नं. ६०२५७०४५**

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Construction Labouers | 1 | 0 | 193545 | १८१,०५९ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार १३ गते (27th June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari. 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, ६ असार, २०८३

| राशि | फल |
|---|---|
| मेष | काममा सफलता मिल्नेछ । नयाँ अवसरले उत्साह बढाउनेछ । |
| वृष | आर्थिक पक्ष सुधार हुने संकेत छ । धैर्यले राम्रो नतिजा दिनेछ । |
| मिथुन | सानो गल्तीले तनाव दिन सक्छ । सोचेर मात्र निर्णय गर्नुहोस् । |
| कर्कट | परिवारबाट सहयोग मिल्नेछ । मन शान्त र सकारात्मक रहनेछ । |
| सिंह | नेतृत्व क्षमताले सफलता दिलाउनेछ । सम्मान प्राप्त हुने दिन छ । |
| कन्या | काममा व्यस्तता बढ्नेछ । तर उपलब्धि पनि राम्रो हुनेछ । |
| तुला | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ । नयाँ योजना अघि बढ्नेछ । |
| वृश्चिक | चुनौती आए पनि पार गर्न सकिनेछ । आत्मविश्वास बढ्नेछ । |
| धनु | यात्राको सम्भावना देखिन्छ । नयाँ अनुभवले फाइदा दिनेछ । |
| मकर | मेहनतको राम्रो फल मिल्नेछ । आर्थिक लाभ हुन सक्छ । |
| कुम्भ | कुम्भस् सोचेर अघि बढ्नु राम्रो हुनेछ । अनावश्यक खर्चबाट बच्नुहोस् । |
| मीन | मन खुसी रहनेछ । प्रेम र सम्बन्धमा सुधार आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५,४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| | ४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |

# यौन हिंसामा परेका महिलाको अधिकार र न्याय सुनिश्चित गरिनुपर्नेमा जोड

**काठमाडौं (प्रस)**– प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिकी सभापति समीक्षा बाँस्कोटाले द्वन्द्वका समयमा यौन हिंसामा परेका महिलाको हकअधिकार र न्याय सुनिश्चित गर्न राज्य संयन्त्रबाट आवश्यक पहल भइरहेको बताएकी छन् ।

'स्वन्याय, सामाजिक न्याय र कानुनी न्यायका लागि हाम्रो अभियान' भन्ने नाराका साथ आयोजित 'लोकतान्त्रिक राज्यमा सर्भाइभरको पहिचान' विषयक संवादमा उनले द्वन्द्वका समयमा यौन हिंसामा परेका महिलाको न्यायका लागि राज्य गम्भीर बन्नुपर्नेमा जोड दिइन् ।

अधिवक्ता खिमलाल देवकोटा र पूर्वसचिव उदय सापकोटाले द्वन्द्वका क्रममा यौन हिंसामा परेका महिलाको न्यायका लागि विगतमा विभिन्न प्रयास भए पनि केही महत्त्वपूर्ण काम भने अझै बाँकी रहेको बताए ।

अपराजित फाउण्डेसनकी सल्लाहकार देवी खड्काले द्वन्द्वका क्रममा यौन हिंसामा परेका धेरै महिलाले अझैसम्म उचित न्याय पाउन नसकेको बताइन् । उनले भनिन्, 'द्वन्द्वका समयमा धेरै महिला यौन हिंसाको सिकार भएका छन् । उनीहरूको न्यायका लागि विभिन्न निकायमा आवाज उठाउँदै आएका छौं, तर अझै त्यसको सम्बोधन हुनसकेको छैन ।'

द्वन्द्वका समयमा यौन हिंसा उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर अपराजित फाउण्डेसन ललितपुरले शुक्रबार काठमाडौंमा उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा सहभागी महिलाले द्वन्द्वका समयमा यौन हिंसामा परेका महिलाले कानुनी न्याय पाउन नसकेको भन्दै सरकारले उनीहरूको न्यायका लागि प्रभावकारी कदम चाल्नुपर्ने विषयमा ध्यानाकर्षण गराए । कार्यक्रममा देशका विभिन्न स्थानबाट द्वन्द्वका समयमा यौन हिंसामा परेका महिला तथा सरोकारवालाको सहभागिता थियो ।

# भोटो देखाएर समापन गरिँदै रातो मच्छिन्द्रनाथको रथयात्रा



**ललितपुर (प्रस)**– रातो मच्छिन्द्रनाथको रथयात्रा आज सकिँदै छ । करिब एक हजार ६०० वर्ष पुरानो तथा नेपालको सबैभन्दा लामो सांस्कृतिक-धार्मिक पर्वका रूपमा परिचित यो रथयात्रा आज राष्ट्र प्रमुखको उपस्थितिमा भोटो देखाएपछि औपचारिकरूपमा सम्पन्न हुने छ ।

ललितपुर महानगरपालिका-४ का वडाध्यक्ष सन्तोष खड्काले जावलाखेलस्थित ललितमण्डपमा भोटो देखाउने तयारी गरिएको जानकारी दिए । यसको तयारी पूरा भइसकेको उनले बताए । उनका अनुसार प्रत्येक वर्षझैँ यस वर्ष पनि भोटो सर्वसाधारण तथा विशिष्ट अतिथिहरूलाई प्रदर्शन गरिने छ ।

वैशाख शुक्ल प्रतिपदादेखि सुरु भएको रथयात्रामा भगवान् रातो मच्छिन्द्रनाथको मूर्तिलाई ३२ हात अग्लो रथमा विराजमान गराई पुल्चोक, मंगलबजार, सुन्धारा, लगनखेल, कुमारीपाटी हुँदै जावलाखेलसम्म परिक्रमा गराइएको थियो । यसैक्रममा रथलाई जावलाखेल पुऱ्याएको चौथो दिनमा भोटो प्रदर्शन गर्ने प्रचलन रहेको वडाध्यक्ष खड्काले जानकारी दिए ।

संस्कृतिविद्हरूका अनुसार वर्षा र सहकालका देवताका रूपमा पूजिने रातो मच्छिन्द्रनाथको जात्रा नेपालको प्राचीन तथा विशिष्ट सांस्कृतिक सम्पदामध्ये एक हो । राजतन्त्रकालमा भोटो जात्रामा राजा उपस्थित हुने परम्परा रहेकामा गणतन्त्र स्थापनापछि राष्ट्रपतिले उक्त समारोहमा सहभागिता जनाउँदै आएका छन् ।

भोटो देखाउने जात्रा सम्पन्न भएपछि रातो मच्छिन्द्रनाथको मूर्तिलाई प्राचीन कलात्मक खटमा राखी बाजागाजासहित जावलाखेलबाट बुङमतीस्थित मच्छिन्द्रबहालमा लगेर विराजमान गराइने परम्परा रहेको वडाध्यक्ष खड्काले उल्लेख गरे ।

उनले यस वर्षको जात्रा शान्तिपूर्ण, व्यवस्थित र सफलतापूर्वक सम्पन्न भएको बताउँदै भोटो जात्रामा सहभागी हुन आउने भक्तजन तथा दर्शकलाई आवश्यक सुरक्षा र व्यवस्थापनमा सहयोग गर्न आग्रह गरे । साथै उनले जावलाखेल क्षेत्रमा फुटपाथमा व्यापार नगर्न सम्बन्धित सबैलाई आग्रह गरे ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०४/२६ मा दर्ता भएको **प्रा. लि. नं. २९६०८९** को **जे. एम. डि. ग्लोरियस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०६५।०६।१३ मा दर्ता भएको प्रा.लि.नं. ५६६३७ को **आई. एम. प्रप्टी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
**सार्वजनिक सूचना**
**प्रकाशित मिति : २०८३/०३/०६**

नेपाल सरकारबाट वैदेशिक रोजगार संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **LUMINARY LEADS PVT. LTD.** (ई.प.नं. 1640/080/81) काठमाडौंको सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको यस विभागको मिति २०८३/०३/०५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविकका शेयरधनीहरूको नाम | अब कायम हुने शेयरधनीहरूको नाम |
|---|---|
| १. सन्जिब तामाङ्ग (०१-५०,०००) | १. बद्रिका राई (०१-५०,०००) |

**होराइजन ट्रेड लिंक प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०४/३० गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको होराइजन ट्रेड लिंक प्रा.लि. (प्रा.लि.न. २४०६७०।०७७।०७८) लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३।०३।०३ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत न: १६५, मो.नं. ९८४१५२७४२२, ९८१३२४४६५५**

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/३/६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल, असना र खयर जातको गोलिया थान २८८ को ९८४.९२ घनफिट काठ तथा साल जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**गर्भारी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- १, मकवानपुर**

**किङ्ग पेन्ट्स नेपाल प्रा. लि. आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सुनुवाईको सूचना**
(प्रथम पटक प्रकाशित मितिः २०८३।०३।०६)

बागमती प्रदेश, काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिका-०५ मा किङ्ग पेन्ट्स नेपाल प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | किङ्ग पेन्ट्स नेपाल प्रा. लि.<br>तारकेश्वर नगरपालिका -०५<br>बागमती प्रदेश, काठमाडौं, नेपाल |
| प्रस्तावको व्यहोरा | प्रस्तावको नाम: किङ्ग पेन्ट्स नेपाल<br>उत्पादन कार्यालय भवनको क्षेत्रफल : ४ हजार वर्ग फिट<br>जग्गाको कित्ता नं कि.नं. : ९९५ र ९९७ क्षेत्रफल क्रमश:<br>०-११-२-२ र ०-५-३-२ बार्षिक उत्पादन क्षमता : करिव ३,११२ टन<br>कच्चा पदार्थ: करिव ३,२६० टन |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा. / वडा नं. | काठमाडौं जिल्ला<br>तारकेश्वर नगरपालिका-०५ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्याक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सुनुवाईको सूचना प्रकाशन भएकोले तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित भई लिखित वा मौखिक राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

| प्रस्तावकको नाम र ठेगाना: | परामर्शदाताको नाम र ठेगाना: |
|---|---|
| किङ्ग पेन्ट्स नेपाल प्रा. लि.<br>तारकेश्वर नगरपालिका -०५<br>बागमती प्रदेश, काठमाडौं, नेपाल | एस.ए.आर.पि. ईन्जिनियरिङ्ग प्रा. लि.<br>ठेगाना: मध्यपुर थिमी, भक्तपुर, नेपाल<br>फोन नं.: ९८४९६९४५८५, इमेल: sarp.amsa@gmail.com |

सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय:
मिति: २०८३/०३/०९ गते मंगलबार
समय: बिहान ७ बजेदेखि १० बजेसम्म
स्थान: अक्फोर्ड ड्राभिङ्ग ट्रेनिङ्ग सेन्टर परिसर, तारकेश्वर -०५, लोलाङ्ग, बागमती प्रदेश, काठमाडौं, नेपाल

**युएइमा रोजगार** — कम्पनी : PRIME STONE BUILDING MAINTENANCE -L.L.C
पूर्व स्वीकृति मिति : २०८२/१०/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/05 | LT. No. 338669 | चलानी नं. ६०२५२१६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painter (Wall Painter) | 5 | 0 | 1500 | ६१,६३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Insulation Labor | 4 | 0 | 1500 | ६१,६३५ | | | | | | | |
| 3 | Painter Assistant | 1 | 0 | 1200 | ४९,३१० | | | | | | | |
| 4 | Road Maintainance Worker | 4 | 0 | 1000 | ४१,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १३ गते (27th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. — श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**मलेसियामा रोजगार** — कम्पनी : SYSTEM CARE SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/03/04 | LT. No. 312458 | चलानी नं. ६०२२७२७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 68 | 0 | 1700 | ६१,९९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १३ गते (27th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CASTLE EMPLOYMENT SERVICE — श्रम ईजाजत नं. १७९०/०८२/०८३
(Near Int'l Airport) Sinamangal Tower Ground Floor, Sinamangal-9, Kathmandu Tel: 015927299, 015927199
Email: doc.castleemployment@gmail.com, castleemplotment2025@gmail.com, Web: www.castleemploymentservice.com.np

**कतारमा रोजगार** — कम्पनी : BANYAN JR SERVICES
पूर्व स्वीकृति मिति : २०८३/03/05 | LT. No. 343738 | चलानी नं. ६०२५७०५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Washing & Greasing Worker | 7 | 0 | 1300 | ५३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १३ गते (27th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Max Employment Center Pvt. Ltd. — श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu, Nepal, Phone: +977-1-4481066, Ram Hari Thapa -9851123749
Email: maxecenter@gmail.com /www.maxecenter.com

**साउदीमा रोजगार** — कम्पनी : SOCIAL SITE EST
पूर्व स्वीकृति मिति : २०८३/03/03 | LT. No. 343743 | चलानी नं. ६०२५७०५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packging & wrapping labour | 3 | 0 | 1200 | ४८,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १३ गते (27th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, Ganga Khadka 9802358961, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

**ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८३/०३/०६ गते

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिम समय सयममा तिर्नु बुझाउनु पर्ने सावाँ, व्याज हर्जाना लगायत अन्य दै दस्तुर आदि नतिरी सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक-पटक मौखित, लिखित तथा फोन मार्फत तर ताकेता गरेको र सो गर्दा समेत सहकारीको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले ऋण चुक्ता गर्न आउने बारेको यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५ को अधिनमा रही निजको वा निजको एका घरका सदस्यको नाममा नेपाल राज्यभर रहेको चल अचल सम्पत्ति रोक्का राखी प्रचलीत नियम कानुन बमोजिम कर्जा असुलीको कारबाही प्रकृया अगाडि बढाईने व्यहोरा समेत जानकारीको लागि अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं | ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण | व्यक्तिगत जमानत दिनेको नाम तथा ठेगाना |
|---|---|---|
| १) | **नाम : कपिन्द्र बहादुर कार्की**<br>बाबु : खुब बहादुर कार्की<br>बाजे : बिर बहादुर कार्की<br>स्थायी ठेगाना : काभ्रे जिल्ला बनेपा न.पा.<br>वडा नं. १२, वास्डोल<br>ना.प्र.नं. : ७७८६३, काभ्रेपलान्चोक<br>जारी मितिः २०५५।४।६  | |
| २) | **नाम : मनक राई**<br>बाबु : कर्ण बहादर राई<br>बाजे : दल बहादुर राई<br>श्रीमति : रबिता राई<br>स्थायी ठेगाना : का.म.न.पा. वडा नं ४ वालुवाटार<br>ना.प्र.नं. : ८३४/३६२८/२७५१३, काठमाण्डौ<br>जारीमिति :२०४०/१२/१५  | **नाम : रबिता राई श्रीमती**<br>ससुरा : दल बहादुर<br>बाजे स.कर्ण बहादुर<br>श्रीमान : मनक राई<br>ठेगाना : का.म.न.पा. वडा नं.४, वालुवाटार |
| ३) | **नाम : सुरेन्द्र पनेरु**<br>बाबु : पोखरी प्रसाद पनेरु<br>बाजे : गंगा प्रसाद पनेरु<br>श्रीमति : तारा पनेरु<br>स्थायी ठेगाना : गोरखा जिल्ला,पत्लुङ गा.बि.स.<br>वडा नं.९ गोरखा<br>हाल काठमाण्डौ रानिबारी<br>ना.प्र.नं. : १५४५, गोरखा, जारी मिति : २०४५/०२/२  | |
| ४) | **नाम : सन्तोष आचार्य**<br>बाबु : दुर्गा प्रसाद आचार्य<br>बाजे : रत्न प्रसाद आचार्य<br>श्रीमति : रोमा घिमिरे आचार्य<br>स्थायी ठेगाना : उदयपुर जिल्ला, ठोक्सिला गा.बि.स.<br>वडा नं.७ बरगाछी<br>हाल भक्तपुर जिल्ला,दुवाकोट वडा नं.६ रोक्का गाउँ<br>ना.प्र.नं. १४१००२।८९०८६ उदयपुर<br>जारीमिति : २०६५।१।१५  | **नाम : रोमा घिमिरे आचार्य**<br>बाबु : बुद्धी बिलास घिमिरे<br>श्रीमान : सन्तोष आचार्य<br>स्थायी ठेगाना :उदयपुर जिल्ला, बेलका न.पा. वडा नं.४ बरगाछी<br>हाल भक्तपुर जिल्ला,दुवाकोट वडा नं.६ रोक्का गाउँ |
| ५) | **नाम : जिवन राज खत्री**<br>बाबु : शिव बहादुर खत्री<br>बाजे : पदम बहादुर खत्री<br>श्रीमति : कल्पना खत्री<br>स्थायी ठेगाना: रामेछाप जिल्ला, सुनापति गा.पा.वडा नं.४ वेथान<br>हाल : काठमाण्डौ का.म.न.पा वडा नं.२२ कोइला गल्ली<br>नागरिकता नं. : ४७५४१/ रामेछाप<br>जारी मिती: २०५७।७।८  | |
| ६) | **नाम : अमृत बहादुर पाण्डे**<br>बाबु : नारायण ब.पाण्डे<br>बाजे : तेज ब.पाण्डे<br>श्रीमति : शर्मिला पाण्डे<br>स्थायी काठमाण्डौ जिल्ला,<br>का.म.न.पा वडा नं.२२ महाबौद्ध<br>नागरिकता नं. : ४५८०/३२२१८, काठमाण्डौ<br>जारी मिति : २०२५/१/७  | **नाम : सुरज पाण्डे**<br>बाबु : अमृत बहादुर पाण्डे<br>बाजे : नारायण ब.पाण्डे<br>आमा : शर्मिला पाण्डे<br>स्थायी ठेगाना : का.म.न.पा वडा नं.२२ महाबौद्ध<br>ना.प्र.नं.२७१०६०/११७५८१<br>काठमाण्डौ २०७०।४।१ जारी |
| ७) | **नाम : अजय भट्ट**<br>बाबु : राम ब. भट्ट<br>बाजे : पदम ब. भट्ट<br>स्थायी धादिङ जिल्ला, ढोला गा.वि.स.<br>वडा नं.१ बझोगरा<br>नागरिकता नं. : २६-०१-७२-०३९४६, धादिङ<br>जारी मिति : २०७२/४/२६<br>(धितो बिवरण : बा.प्र.०२-०२६ प. ३१५९ को मोटर साईकल)  | **नाम : पार्बती बिष्ट**<br>बाबु : राम ब. भट्ट<br>बाजे : पदम ब. भट्ट<br>श्रीमान : कल्याान बिष्ट<br>स्थायी धादिङ जिल्ला,ढोला गा.वि.स. वडा नं.१ बझोगरा<br>हाल : तार्केश्वर न.पा. जरंखु |
| ८) | **नाम : राम बहादुर दमाई**<br>बाबु : धन बहादुर दमाई<br>बाजे : हर्क बहादुर दमाई<br>श्रीमति : लक्ष्मी कालाखाती दमाई<br>स्थायी सर्लाही जिल्ला, धुकौली गा.वि.स. वडा नं.४ सर्लाही<br>हाल . नागाअर्जुन न.पा. वडा नं.६ सितापाइला<br>नागरिकता नं. : ३६४१०६५१, सर्लाही<br>जारी मिति : २०७२/३/२४  | **नाम : लक्ष्मी कालाखाती दमाई**<br>बाबु : दान ब.कालाखाती<br>बाजे : कृष्ण ब. कालाखाती<br>स्थायी : सर्लाही जिल्ला, धुकौली गा.वि.स. वडा नं.४ सर्लाही<br>हाल . नागाअर्जुन न.पा. वडा नं.६ सितापाइला |

नोट : यस संस्थाबाट कर्जा लिएर समय समयमा व्याज हर्जना र किस्ता नवुझाएका ऋणी सदस्यहरु सबैलाई संस्थामा सम्पर्क गरी आफुले बुझाउनु पर्ने साँवा व्याज नियमित गर्नुहन अनुरोध गरिन्छ। अन्यथा यसैगरी पत्रिकामा सूचना प्रकाशित गरी आवश्यक कानूनी कार्वाही अगाडी बढाईने छ।

**नेपाल मर्चेण्ट को-अपरेटिभ लि.**
काठमाण्डौं-२२, वटु, महाबौद्ध, फोन नं. ५३२४४९९, ४१५८५९६, Email : nmcl83752@gmail.com

# प्रकृति, संस्कृति र इतिहासको अनुपम संगम म्याग्दीको रघुगंगा गाउँ

कमल खत्री/म्याग्दी

जिल्लाको उत्तर-पूर्वी भूभागमा फैलिएको रघुगंगा गाउँपालिका प्रकृति, संस्कृति र इतिहासको अनुपम संगमका रूपमा रहेको छ । प्राकृतिक सुन्दरता र भौगोलिक विविधताले भरिपूर्ण यस गाउँपालिका मौलिक कला, संस्कृति, धार्मिक, ऐतिहासिक धरोहरले धनी छ । पवित्र कालीगण्डकी नदीको तीरदेखि विश्वको सातौं अग्लो धौलागिरि हिमाल (आठ हजार १६७ मिटर) को पूर्वी मोहोडासम्म फैलिएको यहाँको मनोरम भूगोलले जो कोहीलाई पनि मन्त्रमुग्ध बनाउँछ ।

राहुघाट र कालीगण्डकी नदीको संगमस्थलदेखि धौलागिरि आइसफल आधार शिविरसम्म फैलिएको रघुगंगाको नाम पनि धौलागिरिको काखबाट बग्ने रघुगंगा नदीबाट रहन गएको हो । मगर, छन्त्याल, थकाली, ठकुरी, बाहुन, क्षेत्री, दलितलगायत विभिन्न समुदायको सहअस्तित्वले यहाँको सामाजिक संरचना जीवन्त बनेको छ । विविधतायुक्त संस्कृति, चालचलन र परम्पराले रघुगंगालाई केवल एउटा भूगोलको गाउँपालिका नभई जीवित सांस्कृतिक संग्रहालय बनाएको छ ।

रघुगंगाको परिचय केवल पहाड र हिमालसँग मात्र सीमित छैन । यहाँका वनजंगल, झरना, तालतलैया, नदी, हरिया डाँडाकाँडा र गुराँसले ढाकिएका पहाडहरूले पर्यटकलाई डाकिरहेका छन् । धौलागिरि आइसफल पदमार्ग, धौलागिरि सेञ्चुरी पदमार्ग र टोड्के-धौलागिरि पानोरमा पदमार्ग यस क्षेत्रका प्रमुख पर्यटकीय मार्ग हुन् । यी पदमार्गले पर्यटकलाई हिमालको फेदीसम्म पुऱ्याउँदै प्राकृतिक सौन्दर्यको अद्भूत अनुभूति दिलाउँछन् ।

जिल्ला सदरमुकाम बेनीदेखि मुस्ताङ जोड्ने परम्परागत पदमार्ग सडक निर्माणसँगै विस्थापित बनेको अवस्थामा रघुगंगा मुस्ताङलाई 'ट्रेकिङ ट्रेल'मार्फत जोड्ने ट्रान्जिटका रूपमा रहेको छ । यस गाउँपालिकाबाट सुरु हुने सेञ्चुरी र पानोरमा ट्रेकसमेत समेटिने आइसफल पदमार्ग मुस्ताङको लेते जोडिने भएकाले यस क्षेत्रमा पूर्वाधार विकास गर्नुपर्ने ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताए ।

'रघुगंगामा पर्यटन विकासको सम्भावना अथाह छ, छोटो र लामो दूरीमा क्याम्पिङ ट्रेकिङ नै गर्न सकिने ठाउँहरू पनि प्रशस्त छन्, तर त्यसका लागि पदमार्ग, पर्यटन सूचना बोर्ड, संकेत पोल, खानेपानी, आश्रयस्थल, सञ्चारलगायत अत्यावश्यक पूर्वाधार बनाउनुपर्छ,' उनले भने ।



टोड्के-धौलागिरि पानोरमा र सेञ्चुरी पदमार्ग आइसफल पदमार्गमै जोडिने भएकाले धौलागिरि आइसफल पदमार्गका पर्यटकीय गन्तव्यहरूलाई समेटेर नक्सांकन गर्ने र विस्तृत अध्ययन प्रतिवेदनका आधारमा पूर्वाधार बनाउन जरुरी रहेको उनको भनाइ छ ।

टोड्के-धौलागिरि पानोरमा ट्रेक पर्यटकीयस्थल टोड्केबाट मालिकाधुरी, ठाडाखानी, कुइनेखानी, चौरखानी भएर घ्याँसीखर्क तथा धौलागिरि सेञ्चुरी पदमार्ग झीँ, पाखापानी, कोटगाउँ, रायखोर, मूलपानी हुँदै घ्याँसीखर्कमा आइसफल पदमार्गमा जोडिएको छ । घ्याँसीखर्क हुँदै आइसफल आधार शिविर भएर कालीबराह ताल पुगेर मुस्ताङको लेते जोडिएको छ भने अर्कोतर्फ गायत्री मन्दिर, पिप्ले, भगवती, रुइसे, भेडिओडार, मुटुकाटे, सोवाङ धुरी हुँदै आधार शिविर पुग्ने धौलागिरि आइसफल पदमार्गको पहिचान भएको छ । पाँच दिनदेखि दुई सातासम्मको लामो र छोटो दूरीमा पदयात्रा गर्न सकिने विकल्पसहित पहिचान भएको धौलागिरि आइसफल पदमार्गले रघुगंगा गाउँपालिकाको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुइनेमंगले अन्नपूर्ण गाउँपालिकाको दोबा, भुरुङ, दानालगायत ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते जोडिएको छ ।

विक्रम संवत् २०६८ मा पहिलोपटक सम्भाव्यत्ता अध्ययन गरिएको धवलागिरि आइसफल पदमार्गको पूर्वाधार विकास र प्रवर्द्धनका लागि रघुगंगा गाउँपालिकाले विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिए । धौलागिरि हिमालको आधार शिविरलाई समेटिएको १८२ किलोमिटर लामो आइसफल पदमार्गको डिपिआर तयार गरी संघीय र प्रदेश सरकारमार्फत पूर्वाधार बनाउन पहल थालिएको गाउँपालिकाका अध्यक्ष भण्डारीले जानकारी दिए ।

> रघुगंगाको परिचय केवल पहाड र हिमालसँग मात्र सीमित छैन । यहाँका वनजंगल, झरना, तालतलैया, नदी, हरिया डाँडाकाँडा र गुराँसले ढाकिएका पहाडहरूले पर्यटकलाई डाकिरहेका छन् । धौलागिरि आइसफल पदमार्ग, धौलागिरि सेञ्चुरी पदमार्ग र टोड्के-धौलागिरि पानोरमा पदमार्ग यस क्षेत्रका प्रमुख पर्यटकीय मार्ग हुन् । यी पदमार्गले पर्यटकलाई हिमालको फेदीसम्म पुऱ्याउँदै प्राकृतिक सौन्दर्यको अद्भूत अनुभूति दिलाउँछन् ।





उनका अनुसार चिमखोला-घ्याँसीखर्क हुँदै आइसफल आधार शिविर पुग्ने पदमार्गमा पर्यटन मन्त्रालयमार्फत पदमार्ग निर्माण भए पनि कोखेभिर र धौलागिरि हिल भ्यू पोइन्ट पहाडमा अझै पदमार्ग बन्न सकेको छैन । आधार शिविरदेखि कालीबराह हुँदै मुस्ताङको लेते निस्कने परम्परागत गोरेटोबाटो र भगवतीको रुइसेदेखि पछ्रेत्राधुरी, सोबाङधुरी, लोसधुरी, दहबुकी, फेदी, सुगुरथला हुँदै ससलधारा क्षेत्रसम्म पहिचान गरिएको बाटोमा सिँढी चिनेर पदमार्गलाई स्तरोन्नति गर्नुपर्ने काम बाँकी रहेको छ ।

धवलागिरि र अन्नपूर्ण रेञ्जका दर्जनौं हिमाललाई नजिकबाट अवलोकन गर्न सकिने यस पदमार्गमा डाँफे, मुनाल, कालिज, कस्तुरी, झारल, नाउर, घोरल, थार, रतुवा, हिमचितुवालगायत जंगली पशुपक्षी र बासस्थानलाई समेत प्रत्यक्ष अवलोकन गर्न सकिन्छ । यस पदमार्गमा हिमालको हिउँ खसेको दृश्य (आइसफल) सँगै कालिबराह, लाटीबराह, निली बराह, सेती बराह र पहेँलीबराह ताल थप आकर्षणका रूपमा रहेका छन् ।

क्रमशः पृष्ठ ५ मा

# धौलागिरिका घुम्ती गोठ संकटमा

सन्तोष गौतम/म्याग्दी

उच्च पहाडी भूगोलमा अवस्थित म्याग्दीको धवलागिरि गाउँपालिकाका बासिन्दाको जीविकोपार्जनको परम्परागत आधार बनेको घुम्ती पशुगोठ संकटमा परेको छ । बुढ्यौली लाग्दै गएका किसान, युवापुस्ताको वैदेशिक रोजगारीप्रतिको आकर्षण, बजार र सरकारी सेवासँग कमजोर पहुँचका कारण परम्परागत पशुपालन व्यवसाय क्रमशः खुम्चिँदै गएको हो ।

कुनै समय ३० वटासम्म गाईभैंसी पालेका धौलागिरि गाउँपालिका-३ मुनाका ६० वर्षीय यामप्रसाद पुनको गोठमा अहिले १० वटामात्र छन् । 'बाउबाजेले गर्दै आएको पशुपालनबाटै घरव्यवहार चलायौं, छोराछोरी पढायौं,' पुनले भने, 'तर उमेर बढ्दै जाँदा गोठ लिएर लेकबेँसी गर्न कठिन भएकाले पशु संख्या घटाउनुपरेको छ ।'

मुनाकै ८१ वर्षीय लिलबहादुर पुन पनि घुम्ती गोठ छोड्ने तयारीमा छन् । बाल्यकालदेखि भेडाबाखा पालन गर्दै आएका उनले यही पेसाबाट ठूलो परिवार हुर्काए । तर छोराहरू विदेश गएपछि गोठलाई निरन्तरता दिन समस्या भएको बताउँछन् । धवलागिरि-४ खाम्लाका ७४ वर्षीय पूर्णबहादुर जैसीले पनि ५७ वर्षदेखि गर्दै आएको भैंसीपालन यस वर्षबाट बन्द गरेका छन् । स्वास्थ्य समस्या र उमेरका कारण भैंसी बेचेर घरमै बस्न थालेको उनको भनाइ छ ।

धौलागिरिमा जेठदेखि पशुचौपायालाई लेक तथा बुकीतर्फ लैजाने र कात्तिकपछि बेँसी झार्ने परम्परा छ । यहाँका किसानहरूले ढोरपाटन, जलजला, रुघाचौर, पातिहाल्ने तथा विभिन्न खर्क क्षेत्रमा पशु चराउने गर्छन् । उच्च पहाडी र हिमाली क्षेत्रको जीवनशैलीसँग घनिष्ठ सम्बन्ध रहेको यो प्रणालीले दूध, घिउ, दही, मोही, मासु तथा कृषि कार्यका लागि आवश्यक पशु उत्पादनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।


गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ मा तयार पारेको वस्तुगत विवरणअनुसार १२ हजार ६० परिवारमध्ये ५३ प्रतिशत परिवारको मुख्य जीविकोपार्जन कृषि थियो । तर पछिल्ला वर्षहरूमा गाईगोरुको संख्या उल्लेख्यरूपमा घट्दै गएको तथ्यांकले देखाएको छ । धौलागिरि गाउँपालिकाको पशु सेवा शाखाकी प्रमुख चन्द्रकला दाहालका अनुसार चार

> धौलागिरिमा जेठदेखि पशुचौपायालाई लेक तथा बुकीतर्फ लैजाने र कात्तिकपछि बेँसी झार्ने परम्परा छ । यहाँका किसानहरूले ढोरपाटन, जलजला, रुघाचौर, पातिहाल्ने तथा विभिन्न खर्क क्षेत्रमा पशु चराउने गर्छन् । उच्च पहाडी र हिमाली क्षेत्रको जीवनशैलीसँग घनिष्ठ सम्बन्ध रहेको यो प्रणालीले दूध, घिउ, दही, मोही, मासु तथा कृषि कार्यका लागि आवश्यक पशु उत्पादनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

हजार ४११ गाई, दुई हजार ८४७ भैंसी, पाँच हजार ९८६ बाख्रा, दुई हजार १९५ भेडा, ११९ बंगुर, १६ हजार २२६ कुखुरा, ६७० खरायो तथा २६६ घोडा-खच्चर छन् । वि.सं. २०७४ को सर्वेक्षणमा गाईगोरुको संख्या छ हजार ७५६ रहेको थियो । यसले परम्परागत गाईपालन निरन्तर ओरालो लागिरहेको संकेत गर्छ ।

अधिकांश घुम्ती गोठ दर्ता नभएकाले यकीन तथ्यांक उपलब्ध नभएको दाहालले बताइन् । चेतनाको कमी, प्रशासनिक पहुँचको अभाव, झण्झटिलो प्रक्रिया तथा भौगोलिक विकटताका कारण किसानहरू व्यवसाय दर्तामा आकर्षित हुन नसकेको उनको भनाइ छ । यसले गर्दा बिमा तथा सरकारी अनुदान कार्यक्रमबाट पनि धेरै किसान वञ्चित भएका अगुवा किसान भुवानी पौडेलले बताए ।

घुम्ती गोठ घट्दै जाँदा स्थानीय पशुका आनुवंशिक स्रोतसमेत जोखिममा परेका छन् । लिमे र पारकोटे जातका भैंसी, पहाडी गाई, सिनाल र खरी जातका बाख्रा तथा बरुवाल र भ्याङलुङ जातका भेडा-बाख्रा लोप हुने अवस्थामा पुगेका धौलागिरि गाउँपालिका-२ खोरीयाका



दलबहादुर रानाले बताए ।

यद्यपि गाउँपालिकाले घुम्ती गोठ संरक्षण र व्यवस्थापनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । उपाध्यक्ष रेशम पुनमगरका अनुसार किसानलाई त्रिपाल, सोलार बत्तीलगायतका सामग्री वितरण गरिएको छ । गत आर्थिक वर्षमा वडा नम्बर ५ मल्कवाङको खालीखोलामा आठ लाख रूपैयाँको लागतमा ५०० भन्दा बढी भेडाबाख्रा अट्ने क्षमता भएको घुम्ती गोठ निर्माण गरिएको थियो ।

भेडापालक कृषक हिमबहादुर छन्त्याल (देवान) का अनुसार उक्त गोठले वर्षा र हिमपातका बेला पाठापाठी तथा भेडाबाख्रालाई सुरक्षित राख्न ठूलो सहयोग पुगेको छ । गाउँपालिकाको ७० प्रतिशत र किसानको ३० प्रतिशत लागत साझेदारीमा निर्माण गरिएको उक्त संरचना नमूना परियोजनाका रूपमा हेरिएको छ ।

त्रिभुवन विश्वविद्यालय वन विज्ञान संकायका प्राध्यापक डा. राजेशकुमार राईका अनुसार जलवायु परिवर्तन, वन्यजन्तुसँगको द्वन्द्व, सामाजिक संरचनामा आएको परिवर्तन, शिक्षा तथा वैदेशिक रोजगारको प्रभावले घुम्ती गोठ प्रणाली कमजोर बन्दै गएको हो । उनले पशुजन्य उत्पादनको ब्राण्ड विकास, स्थानीय पर्यटनसँग एकीकरण तथा जैविक उत्पादनको बजार विस्तार गर्नसके उच्च पहाडी अर्थतन्त्रलाई नयाँ दिशा दिन सकिने बताए ।

परम्परागत ज्ञान, संस्कृति र स्थानीय अर्थतन्त्रसँग जोडिएको घुम्ती गोठ प्रणाली संरक्षणका लागि तथ्यांक संकलन, किसानमैत्री कार्यक्रम, व्यवसाय दर्ता अभियान र प्रोत्साहनमूलक योजनामा जोड दिएको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए । धौलागिरिको पहिचान बनेको गोठ प्रणालीसँगै स्थानीय पशु सम्पदा र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको ज्ञान संरक्षण, व्यवस्थित र व्यावसायिक बनाउन कार्यक्रम केन्द्रित गरेको उनको भनाइ छ । *रासस*

# आविष्कार र उत्पादनसँग जोडिँदै कावासोतीका विद्यालय

**त्रिवेणी (नवलपरासी)**– नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोती नगरपालिकाभित्र रहेका विद्यालय अहिले आविष्कार र उत्पादनसँग जोडिँदै गएका छन् ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत कावासोती नगरपालिकाले सञ्चालन गरेको 'आविष्कार र उत्पादनको जग मेरो विद्यालय' कार्यक्रममार्फत नगरभित्रका २३ विद्यालयमा विभिन्न नवप्रवर्तनात्मक तथा उत्पादनमुखी परियोजना सञ्चालन गरिएका छन् । कार्यक्रमले विद्यालय शिक्षालाई कक्षाकोठाबाट उत्पादन, अनुसन्धान र प्रयोगसँग जोड्ने प्रयास गरेको कावासोती नगरपालिका शिक्षा शाखा अधिकृत राजन पाण्डेले बताए ।



कावासोती नगरपालिका-१७ मा रहेको त्रिभुवन बाल माध्यामिक विद्यालयमा शिक्षक र विद्यार्थी मिलेर 'राधा' नामको रोबट निर्माण गरेका छन् । विद्यालयमा पुग्ने जोकसैलाई उक्त रोबटले नमस्कारसहित स्वागत गर्ने गरेको छ । विज्ञान शिक्षक सुजन पोखेलका अनुसार परियोजनाले विद्यार्थीलाई रोबोटिक्स र कोडिङको आधार भूत ज्ञान दिनुका साथै प्रविधि क्षेत्रमा भविष्य निर्माण गर्न प्रेरणा प्रदान गरेको छ । कक्षा ९ मा अध्ययनरत समृद्धि पोखेलले रोबोट निर्माण र सञ्चालनमा सहभागी हुन पाउँदा नयाँ अनुभव प्राप्त भएको बताए ।

कावासोती-१३ स्थित पिठौली आधारभूत विद्यालयले नवीकरणीय ऊर्जामा आधारित बेसार प्रशोधन एकाइ स्थापना गरेको छ भने गोसाइँबाबा आधारभूत विद्यालयले अम्बा र बेसारखेती तथा प्रशोधन कार्यक्रम सञ्चालन गरिरहेको छ । नेपाल राष्ट्रिय आधारभूत विद्यालयले विद्यालयको भान्साबाट निस्कने जैविक फोहोर प्रयोग गरी बायोग्यास उत्पादन सुरु गरेको छ ।

पालिकाभित्रका विद्यालयमा यस्तै नवीनतम् कार्यहरू अहिले सञ्चालन भइरहेको शाखा अधिकृत पाण्डेले बताए । परियोजनाअन्तर्गत विद्यालयहरूले रोबोटिक्स, बायोग्यास उत्पादन, सोलार ड्रायर निर्माण, फलफूल तथा तरकारी उत्पादन, जैविक मल निर्माण, नर्सरी स्थापना, स्मार्ट सिँचाइ प्रणाली, गडचौला मल उत्पादन, बेसारखेती तथा प्रशोधन, इकोपोखरी निर्माणलगायत कार्यक्रम सञ्चालन गरिरहेको उनले बताए ।

नगरपालिकाका शिक्षा शाखा अधिकृत पाण्डेका अनुसार कार्यक्रमले विद्यार्थीमा समस्या समाधान, अनुसन्धान, नेतृत्व तथा उद्यमशीलताजस्ता जीवनोपयोगी सीप विकास गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । 'अब विद्यार्थीले किताब पढ्नेमात्र होइन, जीवनोपयोगी सीपसमेत सिकून् र भोलिका दिनमा आफूलाई सक्षम बनाएर उभिन सकून् भनेर शिक्षासँगै विभिन्न सीपलाई जोड्दै गएका हौं, हाम्रो अपेक्षा यसले विद्यार्थीमा नवीनतम् कार्य गर्ने सोचको विकास गर्न सहयोग पुग्छ भन्ने छ,' शाखा अधिकृत पाण्डेले भने ।

परियोजनाको मूल्यांकनपछि उत्कृष्ट तीन विद्यालयलाई प्रतिविद्यालय एक लाख रूपैयाँ र उत्कृष्ट १० शिक्षकलाई जनही १० हजार रूपैयाँ पुरस्कार प्रदान गरिनेसमेत शाखा अधिकृत पाण्डेले बताए । सीमित बजेट, प्राविधिक सहयोग र समय व्यवस्थापन चुनौतीका रूपमा रहे पनि कार्यक्रमले विद्यालयलाई केवल पढाइ हुने थलोबाट सिकाइ, अनुसन्धान र उत्पादनको केन्द्रका रूपमा रूपान्तरण गर्ने प्रयास थालेको उनले बताए । *रासस*

# शुक्लाफाँटामा कृष्णसारको संख्या ३०० भन्दा बढी, व्यवस्थापन चुनौतीपूर्ण

■ **राजेन्द्रप्रसाद पनेरू**



**कञ्चनपुर–** शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हीरापुर संरक्षण क्षेत्रमा संरक्षित दुर्लभ वन्यजन्तु कृष्णसारको संख्या बढेर ३१३ पुगेको छ । संरक्षण कार्यक्रम सुरु भएको करिब डेढ दशकपछि कृष्णसारको संख्या उल्लेखनीय रूपमा वृद्धि भए पनि बढ्दो संख्यासँगै व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको हो ।

निकुञ्जको पछिल्लो तथ्यांकअनुसार कृष्णसारका वयस्क भाले ८१, अर्धवयस्क भाले २०, वयस्क पोथी १०२, अर्धवयस्क पोथी २६ र लिंग पहिचान हुन बाँकी ८४ पाठापाठी रहेका निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए । उनका अनुसार संरक्षण कार्यक्रमको सफलतासँगै कृष्णसारको संख्या निरन्तर बढिरहेको छ ।

'अहिले मुख्य चुनौती व्यवस्थापनको हो,' सूचना अधिकारी वाग्लेले भने, 'एउटै क्षेत्रमा धेरै संख्या हुँदा रोगको जोखिम बढ्ने भएकाले प्राकृतिक बासस्थानमा खुलारूपमा छाड्ने वा अन्य उपयुक्त क्षेत्रमा स्थानान्तरण गर्ने विकल्पबारे विभागले अध्ययन गरिरहेको छ ।'

वन तथा वातावरण मन्त्रालयको निर्णयअनुसार शुक्लाफाँटा र बर्दियाको खैरापुर संरक्षण क्षेत्रबाट भाले-पोथीको सन्तुलित अनुपात मिलाएर चितवनमा कृष्णसार पुनःस्थापना गर्ने तयारी भइरहेको छ । 'वंशानुगत (जेनेटिक) विविधता कायम राख्न पनि यो आवश्यक छ,' वाग्लेले भने, 'ब्रिडिङ व्यवस्थापन योजनाअनुसार एउटै घेराभित्र मात्र राखिरहनुभन्दा विभिन्न क्षेत्रमा फैलाएर संरक्षण गर्नु दीर्घकालीनरूपमा प्रभावकारी हुन्छ, नयाँपुस्तामा सुधार हुन्छ ।'

निकुञ्जको हीरापुर फाँटामा हाल ५८.८ हेक्टर क्षेत्रफलमा तारबार गरी कृष्णसार संरक्षण गरिएको छ । प्रारम्भमा सन् २०१२ मा ७.५ हेक्टर क्षेत्रबाट सुरु भएको संरक्षण क्षेत्र चरणबद्धरूपमा विस्तार गरी हालको आकारमा पुऱ्याइएको हो ।

कृष्णसारलाई खुला घाँसे मैदान मन पर्ने भएकाले प्राकृतिक बासस्थानमा छाड्दा चितुवा, भुस्याहा कुकुर तथा चोरी सिकारीबाट जोगाउनु चुनौतीपूर्ण हुने देखिएको छ । यससँगै छाडा चौपायाबाट सर्ने संक्रामक रोग पनि संरक्षणका मुख्य चुनौतीका रूपमा रहेको सूचना अधिकारी वाग्लेले बताए ।

चरन क्षेत्रको संरक्षण, घाँसे मैदान व्यवस्थापन तथा मकै, मसुरोलगायत बाली रोपेर आहार व्यवस्थापन गर्ने काम निकुञ्जले गर्दै आएको छ । नियमित बजेट अभावका कारण पछिल्लो समया भने स्रोत व्यवस्थापनमा कठिनाइ भइरहेको सूचना अधिकारी वाग्लेले बताए । शुक्लाफाँटामा कृष्णसार संरक्षणका लागि सन् २०१२ मा नेपालगञ्जको मिनी चिडियाखानाबाट दुई वयस्क भाले, चार अर्धवयस्क भाले, १२ वयस्क पोथी र चार अर्धवयस्क पोथी गरी २२ वटा कृष्णसार ल्याइएको थियो ।

सोही वर्ष ललितपुरस्थित सदर चिडियाखानाबाट तीन वयस्क भाले, दुई वयस्क पोथी र लिंग नखुलेको एक गरी छ वटा कृष्णसार पुनःस्थापनाका लागि स्थानान्तरण गरिएको थियो । सन् २०१५ मा बर्दियाको खैरापुर संरक्षण क्षेत्रबाट तीन वयस्क भाले, एक अर्धवयस्क भाले र १० अर्धवयस्क पोथी गरी १४ वटा कृष्णसार स्थानान्तरण गरी ल्याइएको थियो ।

तीनवटै क्षेत्रबाट वयस्क भाले आठ, अर्धवयस्क भाले पाँच, वयस्क पोथी २४, अर्धवयस्क पोथी चार र लिंग नखुलेको एक गरी कूल ४२ वटा कृष्णसार स्थानान्तरण गरिएको थियो । स्थानान्तरण गरी ल्याइएका ४२ वटा कृष्णसारको संख्या करिब डेढ दशकमै बढेर ३१३ पुगेको छ जुन करिब सात गुणाभन्दा बढीले वृद्धि भएको निकुञ्जको तथ्यांकले देखाएको छ ।

कृष्णसारको स्वास्थ्य संरक्षणका लागि नियमितरूपमा दाना, चोकर, ढुटो, मकै र चना खुवाइने गरिएको छ । जुका, किर्नालगायत परजीवीको संक्रमण रोक्न समय-समयमा औषधि मिश्रित आहारसमेत उपलब्ध गराइने सूचना अधिकारी वाग्लेले जानकारी दिए । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार कृष्णसार नेपालका संरक्षित वन्यजन्तुमध्ये एक हो । कुनै समय नेपाल, भारत र बंगलादेशका खुला घाँसे मैदानमा प्रशस्त पाइने यो प्रजाति बासस्थानको विनाश, चोरी सिकार र प्राकृतिक विपद्का कारण लोपोन्मुख अवस्थामा पुगेको थियो ।

हीरापुर संरक्षण क्षेत्र अहिले आन्तरिक पर्यटकको आकर्षणको केन्द्रसमेत बन्दै गएको छ । कृष्णसार अवलोकनका लागि दैनिकरूपमा आन्तरिक पर्यटक पुग्ने गरेका छन् । दुर्लभ र आकर्षक वन्यजन्तु कृष्णसारको मुख्य आहारा घाँस, दुबो, सिरु, काँसलगायत हुन् । हिन्दू धर्ममा यसलाई 'भगवान् श्रीकृष्णको साथी'का रूपमा पनि लिइन्छ । *रासस*

पृष्ठ ४ बाट क्रमशः

# प्रकृति, संस्कृति...

कुमारी पदमार्गका रूपमा रहेको धौलागिरि आइसफल पदमार्गलाई सञ्चालनमा ल्याउन सकेमा यसले रघुगंगासँगै म्याग्दी र मुस्ताङको पर्यटन विकासमा नयाँ आयाम सिर्जना गर्ने रघुगंगा गाउँपालिका-७ चिमखोलाका वडाध्यक्ष थकबहादुर पाइजाले बताए ।

यस गाउँपालिकामा लामो दूरीका ट्रेकिङ ट्रेलका अलवा रुइसे, भेडिओडार, सोवाङधुरी, टोड्के, मालिका धुरी, रिखार, नांगीडाँडा, नेपालकै लामो पुलहरूको सूचीमा पर्ने बेग-बाँदुक जोड्ने पुललगायत छोटो दूरीमा रहेका पर्यटकीय गन्तव्यको पर्यटन विकास र प्रचारप्रसारमासमेत जोड दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले बताए ।

'गाउँपालिकाले पदमार्ग, भ्युटावर, आश्रयस्थल, पार्कलगायत पर्यटन पूर्वाधार बनाउने काम गर्दै आएको छ, पहिचान भएका गन्तव्यको प्रचारप्रसार र प्रवर्द्धनको अभियानमा पनि गाउँपालिका जुटिसकेको छ, पर्यटनमार्फत रघुगंगाको समृद्धिमा अथाह सम्भावना छ,' उनले भने । यस वर्ष धार्मिक पर्यटकीयस्थल मालिका धुरी र रिखार जाने पदमार्ग निर्माण भएको छ । यस गाउँपालिकाको वडा नम्बर ४ दर्मिजामा रहेको तातोपानीको कुण्ड प्राकृतिक चिकित्सालयका रूपमा परिचित छ ।

धौलागिरि हिमशृंखलाको फेदीमा वडा नम्बर ८ मा अवस्थित रिखार धार्मिक र प्राकृतिक पर्यटनको दुर्लभ संगम हो । करिब चार हजार ६०० मिटर उचाइमा रहेको यस पवित्र स्थलमा हरेक वर्ष हजारौं श्रद्धालु पुग्ने गर्छन् । तालमा रहेको डुंगा आकारको ढुंगामा बनेको मन्दिरले यस क्षेत्रको सौन्दर्यलाई अझ विशिष्ट बनाएको छ । जनैपूर्णिमा पर्वमा विशेष पूजाआजा हुने रिखारलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना छ । गायत्री मन्दिर, टोड्केको स्वर्गाश्रम, बेगको धौलेश्वर महादेव, भगवती कोत, नौलीबराह, नांगीदेवी, मालिका धुरी, मण्डली थान, कमलजैसी थान, भूमेथानलगायत धार्मिक स्थलहरूले रघुगंगाको आध्यात्मिक पहिचानलाई बलियो बनाएका छन् । मुक्तिनाथ जाने पुरानो पदमार्गको प्रवेशद्वारका रूपमा रहेको गायत्री मन्दिरमा परापूर्वकालमा ऋषिहरूले तपस्या गरेर ज्ञान आर्जन गरेको मान्यता छ । यस क्षेत्रमा कलात्मक र पौराणिक किसिमका मठमन्दिर छन् भने ध्यानआश्रमका लागि यो ठाउँ उपयुक्त मानिन्छ ।

त्यस्तै, भगवती कोत म्याग्दीकै पुराना कोतमन्दिरमध्ये एक मानिन्छ । भगवती कोतले यस क्षेत्रको ऐतिहासिक विरासतलाई प्रतिबिम्बित गरेको छ । १७औं शताब्दीको विरासतसँग जोडिएको भगवती कोत मन्दिर धार्मिक पर्यटकीयस्थलका रूपमा चिनिन्छ ।

अहिले निकै चर्चामा रहेको पर्यटकीयस्थल रुइसे तत्कालीन बाइसे चौबिसे राज्यको पालामा शासन चलाएको ऐतिहासिक ठाउँका रूपमा पनि परिचित छ । यहाँ तत्कालीन राजाले बनाएको दरबारको भग्नावशेष, आराम गर्ने ढुंगा, तत्कालीन समयमा प्रयोग गरेका पानीका कुवा, हात्ती बाँध्ने ठाउँलगायत प्रमाणहरू अझै भेटिन्छन् । वडा नम्बर ३ को रानीपौवा ऐतिहासिक स्थल हो । विक्रम संवत् १८६३ मा तत्कालीन श्री माइली महारानी सुवर्ण प्रभादेवी शाह मुक्तिनाथको तीर्थयात्रा गर्न आउँदा तीर्थयात्रीको सहज बसोबासका लागि पिप्लेको रानीपौवामा पौवा निर्माण गरिएको थियो । दोस्रो विश्वयुद्धमा बेलायतको सर्वोच्च सैन्य पदक भिक्टोरिया क्रस प्राप्त गर्ने रघुगंगा गाउँपालिका-१ बादुँकका दिवंगत तुलबहादुर पुनको नामले यस गाउँपालिकाको चिनारीलाई अन्तर्राष्ट्रियस्तरमासमेत चिनाएको छ । गाउँपालिकाले पुनको नाममा संग्रहालय बनाउने योजना अघि सारेको छ ।

मौलिक कला र संस्कृतिको आकर्षण

रघुगंगाको अर्को परिचय मौलिक कला र संस्कृति हो । यहाँका थालीनाच, पुर्ख्यौली नाच, सोरठी, मादले मारुनी, यानीमाया, सिरफुले, साइलो भाका, सेदो भाका, रत्यौली, नौमती पञ्चेबाजा र भजन-कीर्तनले मौलिक कला र संस्कृतिलाई जीवन्त बनाएका छन् ।

विशेषगरी वडा नम्बर ७ चिमखोला थालीनाचको उद्‌गमस्थलका रूपमा परिचित छ । मौलिक नृत्यका रूपमा रहेको थालीनाच अहिले नेपालमात्र नभई विश्वका विभिन्न देशमा लोकप्रिय बनेको छ । थालीनाचकी सर्जक चिमखोलामा जन्मिएकी हिरामाया श्रीष पुन जीवित इतिहासका रूपमा रहेकी छन् । थालीनाच, पुर्ख्यौलीलगायत मौलिक कला र संस्कृतिमा धनी मानिएको चिमखोलालाई गाउँपालिकाले सांस्कृतिक गाउँ घोषणा गरेर यसको संरक्षण र प्रवर्द्धनमा विशेष ध्यान दिएको छ ।

दग्नामको भूमेपूजामा हुने लिंगो जुधाउने परम्परा रघुगंगाको अर्को अनौठो सांस्कृतिक सम्पदा हो । करिब ४०० वर्ष पुरानो इतिहास बोकेको यो परम्परा प्रकृतिपूजासँग जोडिएको छ र अहिले पर्यटकको आकर्षणको केन्द्र बनेको छ । मगर समुदायको बाहुल्य बसोबास रहेका बाँदुक, बेग, दग्नाम, दर्मिजा, झीँ, पाखापानी, चिमखोलालगायत ठाउँमा प्रकृति पूजाका रूपमा भूमेपूजालाई उत्सवका रूपमा मनाउने गरिन्छ । यस क्षेत्रमा भूमेपूजाले आन्तरिक पर्यटन प्रवर्द्धनको माध्यम बन्ने गरेका छन् । म्याग्दीमा छन्त्याल समुदायको उद्‌गम थलोका रूपमा रहेको झिङखानी ऐतिहासिक थलोका रूपमा चिनिन्छ । आफ्नो पुर्खाहरूको उद्‌गम थलोमा रहेको झिङखानी भूमेथान यहाँका स्थानीयवासीको धार्मिक आस्थाको धरोहरका रूपमा रहेको छ ।

कुइनेमंगले, चिमखोला, पाखापानी, बेग, दग्नामलगायत क्षेत्रमा गरिने परम्परागत भिर मह सिकार साहसिक पर्यटनको महत्त्वपूर्ण आधार हो । अग्ला चट्टानमा झुण्डिएर गरिने मह सिकारले विदेशी पर्यटकलाई विशेष आकर्षित गर्ने गरेको छ । यसलाई स्थानीय जीवनशैली, साहस र परम्पराको अनुपम मिश्रणका रूपमा हेरिन्छ । यसका अतिरिक्त विभिन्न बस्तीमा रहेका तामा खानी, घुम्ती गोठ, भेडाबाख्रा पालन, जडीबुटी संकलन र हिमाली जनजीवनको अध्ययन पनि रघुगंगामा पर्यटन विकासमा नयाँ सम्भावनाहरू हुन् ।

पर्यटन विकाससँगै गाउँपालिकाले स्थानीय आयआर्जन वृद्धि र जीवनस्तर सुधारलाई प्राथमिकता दिएको छ । झीँ रायखोर, मौवाफाँट र रानीपौवामा घरबासहरू सञ्चालनमा आएका छन् । यी घरबासहरूलाई व्यवस्थित बनाउँदै पर्यटकलाई स्थानीय खानपान, संस्कृति र जीवनशैलीसँग प्रत्यक्ष परिचित गराउन सकेमा यसले यहाँका स्थानीयको आयआर्जन वृद्धि गराउन सहयोग पुऱ्याउने छ । घरबासमा पुग्ने पाहुनाहरूलाई स्थानीय कला-संस्कृतिको प्रस्तुति गरिनाका साथै अर्ग्यानिक कृषि उत्पादनबाट तयार गरिएका परिकारहरू खुवाउने परम्पराले पर्यटनलाई स्थानीय अर्थतन्त्रसँग जोड्ने छ । *रासस*


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/३/६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १७३ को २५४०.२९ घनफिट काठ तथा साल जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बाघभैरव सामुदायिक वन उपभोक्ता समूह**
**बकैया- ६, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/३/६**

